# मानव अधिकार उल्लंघन सम्बन्धी राष्ट्रिय जाँचबुझ (नेशनल इन्क्वायरी) निर्देशिका, २०७३

राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रमाणित विधायनको प्रकृति :- निर्देशिका
दर्ता नं: ४२१०८२
दर्ता मिति: २०८१।११।२६

# मानव अधिकार उल्लघंनसम्वन्धी राष्ट्रिय जाँचबुझ (नेशनल इन्क्वायरी) निर्देशिका, २०७३

## प्रस्तावना

नागरिक, राजनैतिक, आर्थिक, सांमाजिक, सास्कृतिक वा लैङ्गिक, जातीय वा उत्पत्ति आदिको आधारमा हुने हिंसा वा विभेदबाट कुनै व्यक्ति, समूह वा समुदायको मानव अधिकारको उल्लङ्घन वा त्यसको दुरुत्साहन भएको विषयमा आयोगमा प्राप्त हुने वा आयोगमा प्राप्त नभएका नियोजित र निरन्तररुपमा चलिरहनेका एकै स्वरुपका गम्भीर प्रकृतिका घटनाहरू उपर आवश्यक जाँचबुझ गरी मानव अधिकार संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ३२(२) तथा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली २०६९ को नियम ३४ बमोजिम यो निर्देशिका बनाई लागू गरिएको छ।

## परिच्छेद-१

## नाम, प्रारम्भ र परिभाषा

संक्षिप्त नाम र प्रारम्भ यस निर्देशिकाको नाम मानव अधिकार उल्लंघनसम्बन्धी राष्ट्रिय जाँचबुझ (नेशनल इन्क्वायरी) सम्वन्धी निर्देशिका, २०७३ रहेको छ।

२. यो निर्देशिका २०७३ साल साउन ११ गतेबाट प्रारम्भ हुनेछ।

३. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) **मानव अधिकार** भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रा, समानता, र मर्यादासँग सम्वन्धित सविधान तथा प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार सम्झनुपर्छ र सो शव्दले नेपालपक्ष भएको मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धीमा निहित अधिकारसमेतलाई जनाउदछ।

(ख) **आयोग** भन्नाले राष्ट्रिय मानव अधिकार आयोग सम्झनुपर्दछ।

(ग) **ऐन** भन्नाले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ सम्झनुपर्दछ ।

(घ) **नियमावली** भन्नाले राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ सम्झनुपर्दछ।

(ङ) **मानव अधिकारसम्बन्धी राष्ट्रिय जाँचबुझ (नेशनल इन्क्वायरी)** भन्नाले नागरिक, राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, एवम् लैङ्गिक, जातीय वा उत्पत्ति आदिका आधारमा हुने विभेद तथा हिंसालगायतका एकै स्वरुपका व्यापक गम्भीर र नियोजित तथा निरन्तर हुने मानव अधिकार उल्लङ्घन तथा त्यसको दुरुत्साहनको अवस्थासम्बन्धी आयोगले आफ्नो कार्यादेश बमोजिम अनुसन्धान गरी मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्न पीडित, पीडित परिवार, प्रभावित समूह, पीडक, सम्बन्धित सरकारी तथा गैरसरकारी संघसंस्थाहरू, सरोकारवाला निकायहरू, सम्बन्धित विशेषज्ञ, अधिकारबाहक तथा कर्तब्यपालक, संचारकर्मीहरू तथा सर्वसाधारण नागरिकसमेतको सक्रिय सहभगितामा गरिने विशेष प्रकारको छानविन प्रक्रियालाई जनाउँदछ ।

(च) **पीडित** भन्नाले मानव अधिकार उल्लङ्घन र हनन् वा त्यसको दुरुत्साहन भएकोमा सो कार्यबाट पीडित हुन गएको व्यक्ति, समूह वा समुदाय सम्झनुपर्दछ ।

(छ) **पीडित परिवार** भन्नाले पीडितको पति वा पत्नी, छोराछोरी, बाबुआमा सासुससुरा, हजुरआमा हजुरबुबा, नातीनातिनी, संगोलको दाजुभाइ, दिदीबहिनीसमेतलाई सम्झनुपर्दछ । सो शब्दले सौतेनी आमा, सौतेनी दाजुभाइ, सौतेनी दिदीबहिनी, धर्मपुत्र र धर्मपुत्री, घरेलु कामदार र कसैको संरक्षणमा रहेको वा अन्य सम्बन्धित व्यक्तिसमेतलाई सम्झनुपर्दछ ।

(ज) **प्रभाबित** भन्नाले राजनैतिक, नागरिक, आर्थिक, सामाजिक, सांस्कृतिक, तथा लैंगिक वा जातीय वा उत्पत्तिका आधारमा भएका विभेद वा हिंसा एवम् द्वन्दको कारणबाट भएको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहनसम्बधी घटनाबाट प्रभावित व्यक्ति, समूह वा समुदाय भन्ने सम्झनुपर्दछ ।

(झ) **पीडक** भन्नाले मानव अधिकार उल्लङ्घन र हनन् वा त्यसको दुरुत्साहन गरेको व्यक्ति सम्झनुपर्दछ र सो शब्दले मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन गर्ने कार्यमा संलग्न रहेका अन्य व्यक्ति वा मतियार समेतलाई जनाउदछ ।

(ञ) **आरोपित** भन्नाले मानव अधिकारको उल्लङ्घन वा त्यसको दुरुत्साहन गरेको व्यक्ति वा निकायलाई सम्झनुपर्दछ ।

(ट) **जाँचबुझ समिति** भन्नाले राष्ट्रिय मानव अधिकार (उजुरी, कारवाही तथा क्षतिपूर्ति) निधारण २०६९ नियमावलीको नियम ३४ अनुसार जाँचबुझ गर्न आयोग ऐनको दफा ८(१) र यस निर्देशिकाको नं. १६ बमोजिम गठित राष्ट्रिय जाँचबुझ समिति सम्झनुपर्दछ ।

(ठ) **कर्मचारी** भन्नाले राष्ट्रिय जाँचबुझको लागि आयोगबाट खटाइएको कर्मचारीहरूलाई सम्झनु पर्दछ ।

(ड) **विशेषज्ञ** भन्नाले राष्ट्रिय जाँचबुझ विधिसम्बन्धी विशेषज्ञता हासिल गरेको वा जाँचबुझ गरिने मानव अधिकार उल्लङ्घनको विभिन्न विषयहरूमा दक्षता वा अनुभव प्राप्त गरेको व्यक्तिलाई सम्झनुपर्दछ ।

(ढ) **तालिम प्राप्त व्यक्ति** भन्नाले राष्ट्रिय जाँचबुझ विधिसम्बन्धमा तालिम प्राप्त गरेको व्यक्तिलाई सम्झनुपर्दछ ।

## परिच्छेद-२

## उद्देश्यहरू

**४. राष्ट्रिय जाचँबुझका उद्देश्यहरू:** देहायबमोजिमका उद्देश्य प्राप्त गर्न आयोगले मानव अधिकार उल्लङ्घन सम्वन्धी  राष्ट्रिय जाँचबुझ (नेशनल इन्क्वायरी) गर्ने छ ।

१) निरन्तर, नियोजित र व्यवस्थितरुपमा हुने मानव अधिकार उल्लङ्घनको अनुसन्धान र प्रतिवेदनद्वारा पीडितले प्राप्त गर्ने उपचारमा सहयोग पुर्‍याउन तथा भबिष्यमा त्यस्ता उल्लघंनको घटना दोहरिन नदिन सिफारिस गर्न,

२) नियोजित र व्यवस्थितरुपमा हुने मानव अधिकार उल्लघंनमा बिशेषगरी लक्षित समुदायलाई शिक्षा र जनचेतना अभिबृध्दि गर्न,

३) मानव अधिकार उल्लघंनको अनुसन्धान प्रतिवेदन मार्फत पीडितलाई उनीहरूको अधिकार र न्यायकि उपचार खोज्न सक्षम बनाउनका लागि सशक्तीकरण गर्न,

४) आयोगमा वा अन्य उपचार दिने निकायहरूमा प्राप्त भएका एकैप्रकारका गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घन तथा त्यसको दुरुत्साहनका घटनाहरूलाई रोक्न मद्दत पुर्‍याउन,

५) राजनैतिक, नागरिक, आर्थिक, सामाजिक, साँस्कृतिक, एवम् लिङ्गका आधारमा गरिने तथा जातीय हिंसा तथा विभेद लगायतका मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन रोक्न,

६) मानव अधिकारको संरक्षण र सम्बर्द्धन कार्यलाई सक्रीय र प्रभावकारी ढंगले सम्बोधन गर्ने कार्यमा सहयोग पुऱ्याउन,

७) मानव अधिकार उल्लङ्घन तथा त्यसको दुरुत्साहनबाट प्रभाबित व्यक्ति, समूह वा समुदायको न्यायमा सहज पहुँच बढाउन मद्दत गर्न,

८) मानव अधिकारको उल्लङ्घन वा त्यसको दुरुत्साहनमा परेका पीडित वा प्रभावित समूह वा समुदायहरूको मानव अधिकार संरक्षणको लागि आवश्यक कानून, नीति, निर्माण गर्नकोलागि निर्णय लिन सहयोग पुऱ्याउन,

९) राष्ट्रिय जाँचबुझअन्तर्गत संचालित सार्वजनिक सुनुवाइ कार्यक्रममार्फत सम्बन्धित पक्षहरूलाई मानव अधिकारका विविध विषयवस्तुमा संवेदनशिल बनाई आयोगको सिफारिस कार्यान्वयनमा थप नैतिक तथा कानूनी दबाव सृजना गर्न मद्दत पुऱ्याउन,

१०) मानव अधिकारको गम्भीर प्रकृतिका उल्लङ्घन वा त्यसको दुरुत्साहनमा परेका पीडित वा प्रभावित व्यक्तिहरू वा समूह वा समुदायको मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्न सम्बन्धित निकायलाई जवाफदेही, उत्तरदायी र जिम्मेवार बनाउन,

११) गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका घटनाहरू प्रभावकारीढंगले समाधान गर्न, गराउन सक्रियतापूर्वक भूमिका निर्वाह गर्ने कार्यमा सम्बन्धित निकायलाई आवश्यक सहयोग पुऱ्याउन,

१२) विद्यमान नीति तथा कानूनहरूको पुनरावलोकन र सुधार गर्नुपर्ने विषयको बारेमा जानकारी गराउन र

१३) मानव अधिकार उल्लङ्घनका मूलकारण पत्ता लगाई कानून र प्राप्त प्रमाणको आधारमा उचित सिफारिस गर्न मद्दत पुऱ्याउन ।

## परिच्छेद-३

## राष्ट्रिय जाँचबुझ (नेशनल इन्क्वायरी) सम्बन्धी तयारी

**५. राष्ट्रिय जाँचबुझ समिति गठन पूर्व पुरा गर्नुपर्ने प्रक्रिया:** आयोगले मानव अधिकारको उल्लङ्घन वा त्यसको दुरुत्साहनसम्वन्धी कुनै विषयमा मानव अधिकारसम्वन्धी राष्ट्रिय जाचँबुझ गर्नुपर्ने आवश्यकता महशुस गरेमा यसै निर्देशिकाको १६ नं बमोजिम राष्ट्रिय जाँचबुझ समिति गठन गर्नु पूर्व देहायका प्रक्रिया अबलम्बन गर्नुपर्नेछ ।

**६. राष्ट्रिय जाचँबुझ गर्ने विषयहरूको प्राथमिकता निर्धारण:** आयोगले एकै स्वरुपका गम्भीर, नियोजित र नियमित र निरन्तररुपमा घट्ने प्रकृतिको मानव अधिकार उल्लङ्घन तथा त्यसको दुरुतसाहनका घटनासम्वन्धी देहायबमोजिमका विषयहरूमा राष्ट्रिय जाचँबुझ (नेशनल इन्क्वायरी ) गर्न सक्नेछ ।

१) नागरिक, राजनैतिक, आर्थिक, सामाजिक, सास्कृतिक अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन,

२) लैङ्गिक, जातीय, वा उत्पत्ति आदिका आधारमा उप नं. १ मा उल्लेख भए बमोजिमका अधिकारहरूमा हुने वा भएका विभेदहरू,

३) लिङ्ग, जातीय, वा उत्पत्ति आदिका आधारमा भएका हिंसा तथा दुर्व्यवहारहरू र

४) आयोगले उपयुक्त ठानेका एकै स्वरुपका गम्भीर, संरचनागत, नियोजित र निरन्तर र नियमित रुपमा घट्ने मानव अधिकार उल्लङ्घन तथा त्यसको दुरुत्साहनका घटना वा विषयहरू ।

**७. अवधारणापत्रको तयारी:** आयोगले राष्ट्रिय जाँचबुझ गर्नुपर्ने विषयमा यस निर्देशिकाको नं.८ बमोजिमको विधि अवलम्बन गरी विषयबस्तुको छनौट गरी जाँचबुझसम्बन्धी अवधारणापत्र तयार गर्नुपर्नेछ । यसरी तयार गरिने अवधारणापत्रमा राष्ट्रिय जाँचबुझ गर्नुपर्ने विषय छनौटको सान्दर्भिकता, गाम्भीर्यता र औचित्यताको अतिरिक्त देहायबमोजिमका विषयहरू समावेश गर्नुपर्नेछ ।

१) राष्ट्रिय जाचँबुझ गर्ने विषयमा सम्बोधन गर्नुपर्ने विषयको प्रारूप र अवस्था,

२) छनौट भएका मानव अधिकारको उल्लङ्घन र दुरुत्साहनको घटनाका विषयसँग सम्बन्धित अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानून तथा राष्ट्रिय कानूनहरूको सान्दर्भिकता र औचित्यता,

३) राष्ट्रिय जाँचबुझको लागि गरिनुपर्ने अत्यावश्यक क्रियाकलापहरूको सूची,

४) राष्ट्रिय जाँचबुझको माध्यमबाट मानव अधिकार शिक्षाको प्रर्वद्धन गर्न सकिने विवरण,

५) राष्ट्रिय जाँचबुझ कार्य सम्पन्न गर्नको लागि आवश्यक समय सीमा निर्धारण,

६) आवश्यक पर्ने साधनश्रोतको बिस्तृत विवरण,

७) साक्षी तथा पीडितहरूलाई हुन सक्ने संभाव्य जोखिमहरूको अध्ययन तथा विश्लेषण गर्ने,

८) साक्षी र पीडितको गोपनीयता कायम राख्ने व्यवस्था र उनीहरूले गोप्य तरिकाले भनाई राख्ने बातावरण मिलाउने, सार्वजनिक सुनवाई कार्यालयमा आउने जाने वा बस्ने समयमा सुरक्षाको व्यवस्थापन,

९) राष्ट्रिय जाँचबुझको लागि छनौट गरिएको विषयको सन्दर्भमा सम्बन्धित क्षेत्रमा सक्रीयरूपमा कार्यरत सरकारी, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संघसंथा, अन्य निकाय र अन्य सरोकारवालाहरूको धारणाको संक्षिप्त निष्कर्ष,

१०) राष्ट्रिय जाँचबुझको सम्भावित परिणाम र

११) आयोगले उचित ठानेको अन्य आवश्यक विषयहरू ।

**८. विषय छनौट विधि:** निर्देशिकाको नं. ७ बमोजिम राष्ट्रिय जाँचबुझ गरिने विषयलाई देहायका विधि अवलम्बन गरी छनौट गरिनेछ । राष्ट्रिय जाँचबुझ प्रक्रियाको लागि विषय छनौट आयोग आफैले गर्नेछ।

१) सरोकारवाला निकायहरूसँग परामर्श तथा छलफल,

२) छनौट गरिने विषयको अध्ययन, अनुसन्धान, अध्ययन तथ्याङ्कको पुनरावलोकन,

३) सम्बन्धित सरोकारवाला निकायहरूद्वारा सम्बन्धित विषयमा गरिएको अध्ययन प्रतिवेदनहरूको अध्ययन र

४) आयोगले उपयुक्त ठानेको अन्य विषयबस्तुहरू ।

**९. विषय छनौटका आधारहरू :१)** आयोगले जाचँबुझ गर्ने विषयहरूको छनौट गर्दा देहायबमोजिमका आधारहरू लिनुपर्नेछ ।

१) लामो समयदेखि घटिरहेको तथा व्यबस्थित रुपमा मानव अधिकार उल्लङ्घनका घटनाका विषयहरू

२) गम्भीर र बृहतरुपमा घटेका मानव अधिकार उल्लघंनका विषय

३) लामो समयदेखि निरन्तर र नियमितरूपमा मानव अधिकार उल्लङ्घन तथा त्यसको दुरुत्साहन भैरहेको विषय,

४) लामो समयदेखि घटिरहेको, संरचनागत, सांस्कृतिक तथा परम्परागत रुपमा समेत कुनै व्यक्ति, समूह वा समुदायलाई लक्षित गरी घटेका मानव अधिकार उल्लघंनका विषय

५) उजुरीको आधारमा अनुसन्धान गरी समाधान गर्न कठिनाइ हुने विषय,

६) मानव अधिकारसम्बन्धी कुनै विषयगत क्षेत्रमा कार्यरत संघसंस्था वा निकायले गरेको अध्ययन, अनुसन्धान तथा सार्वजनिक सुनुवाइ मार्फत गरिएका मानव अधिकार उल्लघंनका विषय,

७) मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहनको गाम्भीर्यता र त्यसको प्रकृति र असर तथा परिणामको व्यापकता

८) राष्ट्रिय जाँचबुझको लागि आयोगले उचित ठहर्‍याएको मानव अधिकार उल्लङ्घन र त्यसको दुरुत्साहनसम्बन्धी कुनै पनि विषय ।

२) उप नं. १ बमोजिम जाचँबुझको विषय छनौटको लागि आधार लिँदा देहायबमोजिमको विषयहरूमा ध्यान दिनुपर्नेछ ।

१) प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा मानव अधिकार उल्लङ्घनबाट प्रभावित भएका व्यक्तिहरूको संख्या वा समूह वा समुदाय,

२) मानव अधिकार उल्लङ्घन तथा त्यसको दुरुत्साहनले मुलुकभर वा कुनै क्षेत्र वा समूह वा समुदायलाई प्रत्यक्ष पारेको प्रभाव वा असर र परिणाम

३) मानव अधिकार उल्लङ्घन तथा दुरुत्साहनको समयावधि,

४) निश्चित समयको अन्तरालमा मानव अधिकार उल्लङ्घन तथा दुरुत्साहनको प्रकृतिमा आएको परिवर्तन र

५) उल्लङ्घनको परिणामको गाम्भीर्यता ।

**१०. राष्ट्रिय जाँचबुझको विषयहरूको सूचि (रोस्टर) तयार गर्ने:** आयोगले उप नं. ६ बमोजिम राष्ट्रिय जाँचबुझको विधिबाट समाधान गर्नुपर्ने विषयहरूको सूचि (रोस्टर) तयार गर्नेछ। त्यसरी सूचिकृत गरिएका विषयलाई प्राथमिकताको आधारमा क्रमशः जाँचबुझ गर्न सक्नेछ।

**११. उद्देश्यहरूको निर्धारण र कार्य विवरणको मस्यौदा:** राष्ट्रिय जाँचबुझ सम्पन्न गरिने कुराहरू समावेश गरी जाचँबुझ समितिले निर्देशिकाको नं. १२ मा उल्लेख भए बमोजिम उद्देश्यहरू र नं. १३ मा उल्लेख भए बमोजिमको कार्य बिवरण तयार गर्नुपर्नेछ।

**१२. राष्ट्रिय जाँचबुझको उद्देश्यहरू निर्धारण गर्ने:** आयोगले राष्ट्रिय जाचँबुझ गर्नुपर्ने विषयहरूका सम्बन्धमा देहायबमोजिमको आधारमा जाचँबुझको उद्देश्य निर्धारण गर्नुपर्नेछ।

क) मानव अधिकार उल्लङ्घन तथा त्यसको दुरुत्साहनको प्रकृति, असर र त्यसको प्रभावबारे यथार्थ पत्ता लगाउनका लागि अनुसन्धान गर्ने,

ख) मानव अधिकार उल्लङ्घन तथा त्यसको दुरुत्साहनको कारकतत्व पहिचान गर्ने,

ग) मानव अधिकार उल्लङ्घन तथा त्यसको दुरुत्साहनको प्रवृत्ति (Trend and Pattern) बारे विश्लेषण गर्ने,

घ) सरोकारका विषयमा सर्वसाधारण तथा मुख्य सरोकारवाला पक्षहरूबाट सूचना संकलन गर्ने,

ङ) मानव अधिकार शिक्षा तथा सचेतना वृद्धि गर्न,

च) आयोगले बिद्यमान कानून शंसोधन गरी वा नयां कानून निर्माण गरी बिगतमा भएका मानव अधिकार उल्लघंनका घटना सम्वोधन गर्न र भविष्यमा त्यस्ता उल्लघंनका घटना रोक्नका लागि नेपाल सरकारलाई सिफारिस गर्न,

छ) भविष्यमा त्यस प्रकारको उल्लङ्घन तथा दुरुत्साहन हुन नदिनको लागि आयोगले अन्य आवश्यक सिफारिश गर्न ,

ज) पीडित तथा प्रभावितहरूलाई शसक्तीकरण गराई न्यायमा पहुँचमा अभिवृद्धि गर्ने,

**१३. कार्य विवरण:** आयोगले राष्ट्रिय जाँचबुझसम्बन्धी कार्य गर्नको लागि जाचँबुझ समितिलाई देहायमा उल्लेख भएका विषयहरू समावेश गरी कार्यादेश सहितको कार्यविवरण उपलब्ध गराउनेछ ।

क) जाचँबुझ समितिले राष्ट्रिय जाँचबुझ कार्यबाट सम्बोधन गरिनु पर्ने विषय,

ख) जाचँबुझको क्रममा गरिनुपर्ने सूचना संकलन तथा प्रमाण,

ग) जाँचबुझ गरिने संस्था तथा व्यक्ति,

घ) परामर्श वा सम्पर्क गर्नुपर्ने संघसंस्था, निकाय तथा व्यक्तिहरू,

ङ) सम्पन्न गरिनुपर्ने कार्यहरू,

च) बिषेशज्ञहरूको छनौट,

छ) कार्यादेश,

ज) सिफारिसका क्षेत्रहरू,

झ) कार्य सम्पन्न गर्ने समयावधि

ञ) प्रतिवेदन पेश र अन्य आवश्यक कुराहरू ।

**१४.** आयोगबाट नं. १३ बमोजिम प्रदान गरिएको कार्यविवरणमा उल्लेख भएदेखि बाहेक जाँचबुझको क्रममा तत्कालै कुनै कार्य गर्नुपर्ने देखिएमा त्यस्तो अधिकार समितिलाई हुनेछ। सोको जानकारी समितिले तत्काल छिटो सञ्चारको साधनद्वारा आयोगलाई दिनुपर्नेछ ।

**१५. राष्ट्रिय जाँचबुझ सम्बन्धी योजना तयारीसम्बन्धी व्यवस्था:** राष्ट्रिय जाँचबुझको लागि उल्लेखित कार्यहरू सम्पन्न गरे पश्चात योजनाको अन्तिम प्रारूप तयार पार्नेछ । उक्त अन्तिम योजनामा जाँचबुझको विषयबस्तुहरू, कार्यविधि, समय सिमा, प्रतिवेदन, र परिणाम तथा श्रोतको बाँडफाँडसम्बन्धी कुराहरू समावेश गरिनुपर्नेछ ।

## परिच्छेद-४

## राष्ट्रिय जाँचबुझ समिति गठन र कर्मचारीसम्बन्धी व्यवस्था

**१६. राष्ट्रिय जाचँबुझ समिति गठन:** आयोगले नं. ६ बमोजिमका विषयहरूमा राष्ट्रिय जाँचबुझ गर्नको लागि आयोग ऐनको दफा ८(१) बमोजिम एक जाँचबुझ समितिको गठन गर्नेछ। सोको लागि आयोगले आवश्यकता अनुसार कर्मचारीहरूको व्यवस्था गर्नेछ ।

१. आयोगले कम्तिमा ३ सदस्यीय जाँचबुझ समिति गठन गर्न सक्नेछ ।

२. जाँचबुझ समिति गठन गर्दा समानुपातिक समावेशी सिद्धान्तको आधारमा गर्नुपर्नेछ ।

३. आयोगको अध्यक्ष वा अध्यक्षले तोकेको कुनै  सदस्य (संयोजक)

४. जाँचबुझको विषय र गाम्भीर्यतालाई ध्यानमा राखी आयोग बाहिरका विशेषज्ञहरूबाट दुईजना (सदस्य),

५. उप नं.३ बमोजिम गठन हुने समितिमा जाँचबुझको विषय र त्यसको गाम्भीर्यतालाई हेरी आयोगले सम्बन्धित विषयका थप विशेषज्ञहरूलाई समेत सम्मिलित गराउन उपयुक्त देखेमा आवश्यक संख्यामा त्यस्ता विशेषज्ञहरूलाई पनि सदस्यको रूपमा नियुक्त गर्न सक्नेछ ।

**१७. जाँचबुझ समितिको सदस्यको योग्यता:** जाँचबुझ समितिका सदस्यको योग्यता देहायबमोजिम हुनुपर्नेछ ।

क) उच्च नैतिक चरित्र  भएको,

ख) कुनैपनि  राजनैतिक दलको  सक्रीय सदस्य  नभएको,

ग) राष्ट्रिय जाँचबुझ गर्न लागेको विषयमा दक्ष र अनुभवि,

घ) राष्ट्रिय जाँचबुझ पद्दतिप्रति कटिबद्ध र प्रतिबद्ध भएको,

ङ) राष्ट्रिय जाँचबुझ प्रक्रियाको लागि पर्याप्त समय दिनसक्ने,

च) सामूहिक रूपमा कार्य गर्न सक्षम,

छ) मानव अधिकार उल्लङ्घन र त्यसको दुरुत्साहनसम्बन्धी कुनै अभियोग प्रमाणित नभएको र

ज) नैतिक पतन देखिने कुनै फौजदारी कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको ।

**१८. जाँचबुझ  समितिको काम, कर्तब्य, अधिकार:** जाँचबुझ  समितिको काम कर्तव्य अधिकारहरू देहायबमोजिम हुनेछ :

क) राष्ट्रिय जाँचबुझ गर्न आयोगले छनौट गरेको विषयमा अवधारणापत्र तयारी गरी आयोगमा पेश गर्ने,

ख) सरोकारवालाको पहिचान गर्ने,

ग) राष्ट्रिय जाँचबुझ कार्य सम्पन्न गर्न छनौट भएका विषयमा आवश्यक अन्तरक्रिया, सूचना संकलन, तथा सूचना प्रवाह गर्ने,

घ) राष्ट्रिय जाँचबुझ कार्य सम्पन्न गर्ने,

ङ) निष्कर्ष तथा प्राप्त तथ्यहरूको पहिचान गर्ने,

च) सिफारिसहरू सहितको प्रतिवेदन तयार गरी  आयोगमा पेश गर्ने,

छ) राष्ट्रिय जाँचबुझ प्रक्रियाको सामूहिक जिम्मेवारी बहन गर्ने,

झ) सार्वजनिक सुनुवाइ गर्ने

ञ) राष्ट्रिय जाँचबुझ कार्य सम्पन्न गर्न आवश्यक पर्ने अन्य कार्यहरू आयोगको निर्देशनमा गर्ने

ट) राष्ट्रिय जाचँबुझ समितिले ऐनले दिएको अनुसन्धान् तथा अनुगमन सम्बन्धी अधिकार प्रयोग गर्न सक्नेछ,

झ) राष्ट्रिय जाँचबुझको आधारमा आयोगले गरेको सिफारिस कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

१९. जाँचबुझ  समितिको पदावधि आयोगले तोकेबमोजिम हुनेछ ।

२०.जाँचबुझ समितिका व्यक्तिहरूको पारिश्रमिक आयोगले तोकेबमोजिम हुनेछ ।

**२१. जाचँबुझ समितिका कर्मचारीसम्बन्धी ब्यवस्था:** राष्ट्रिय जाचँबुझ प्रक्रिया सम्पन्न गर्न समितिलाई आवश्यक पर्ने कर्मचारी आयोगले व्यवस्था गर्नेछ ।

**२२. जाचँबुझ समितिका कर्मचारीको काम, कर्तव्य अधिकार:**

क) राष्ट्रिय जाँचबुझको लागी आवश्यक प्रशासकिय तथा व्यवस्थापनसम्बन्धी कार्य गर्ने,

ख) राष्ट्रिय जाँचबुझको विषय  छनौटको लागि अध्ययन, अनुसन्धान गर्ने,

ग) राष्ट्रिय जाँचबुझ प्रक्रियासँग सम्बन्धित हरेक पक्ष, समुदाय, आयोग र जाँचबुझ समितिसँग समन्वय गरी आवश्यक कार्य गर्ने,

घ) आमसंचारका माध्यमसँग समन्वय र सम्बन्ध स्थापित गर्ने,

ङ) सम्पूर्ण राष्ट्रिय जाँचबुझ प्रक्रियाको प्रतिवेदन तयार गर्ने,

च) जाँचबुझ समिति समक्ष सिफरिसहरूको प्रस्ताव पेश गर्ने,

छ) सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजनाको व्यवस्थापन गर्ने र

ज) राष्ट्रिय जाँचबुझको लागि आयोग तथा जाँचबुझ समितिको निर्देशनअनुसार आवश्यक अन्य कार्य  गर्ने  ।

२३. राष्ट्रिय जाँचबुझ सम्पन्न गर्नु अघि कर्मचारीलाई तालिमको व्यवस्था गर्नुपर्नेछ ।

२४. कर्मचारीको व्यवस्था गर्दा आमसंचारसम्बन्धी दख्खल राख्ने र प्रतिवेदन लेखन कार्य गर्न सक्ने सक्षम कर्मचारीसमेत समावेश गर्नुपर्नेछ ।

## परिच्छेद - ५

## राष्ट्रिय जाँचबुझ गर्ने प्रक्रिया तथा कार्यविधि

**२५. राष्ट्रिय जाँचबुझ प्रकृया:** (१) समितिले राष्ट्रिय जाँचबुझलाई जाँचबुझ पूर्व, जाँचबुझको अवधि र जाँचबुझ पछि गरी तीन चरणमा सम्पन्न गर्नेछ । जाँचबुझ प्रक्रिया सम्पन्न गर्दा देहायको प्रक्रिया अवलम्बन गरिनेछ ।

**(क) जाँचबुझ प्रकृया शुरू गर्नुपूर्व**

१) **सरोकारवालाहरूको पहिचान, परामर्श र सहभागिता :** राष्ट्रिय जाँचबुझको लागि छनौट गरिएको मानव अधिकार उल्लङ्घनको विषयको क्षेत्रमा विशिष्टता हासिल गरेका विभिन्न संघसंस्था वा निकायहरू, सो सम्बन्धमा चासो राख्ने वा महत्वपूर्ण योगदान पुऱ्याएका संघसंस्था, निकाय, व्यक्ति वा समूहहरूबाट सरोकारवालाहरूको पहिचान गर्नुपर्नेछ । जाचँबुझ समितिले पहिचान गरेका सरोकारवालाहरूसँग राष्ट्रिय जाँचबुझ प्रक्रियालाई प्रभावकरी र परिणाममुखी बनाउन आवश्यकता अनुसार परामर्श लिइने ।

२) **राष्ट्रिय जाँचबुझ प्रक्रियाका लागि सम्भावित सरोकारवालाहरू देहायबमोजिम हुनेछन्**

क) पीडित, पीडित परिवार, प्रभावित समूह वा समुदाय,

ख) राजनैतिक दल, समूह र ति अन्तर्गतका संगठनहरू,

ग) सरकारी निकायहरू,

घ) सम्बन्धित विषयमा बिशिष्टता,बिज्ञता र दक्षता हासिल गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ ् संस्था वा निकायहरू,

ङ) पेशागत तथा व्यावसायिक संघसंस्थाहरू,

च) व्यावसायिक तथा प्राज्ञिक विशेषज्ञहरू,

छ) धार्मिक समूह तथा प्रतिष्ठानहरू,

ज) कसूरदार वा आरोपित पीडक व्यक्ति वा समूह,

झ) संचारकर्मीहरू,

ञ) शैक्षिक संस्थाहरू,

ट) कानून व्यवसायीहरू र

ठ) आयोगले उपयुक्त ठानेको अन्य सरोकारवाला ।

**२६. सूचना प्राप्ति, अनुसन्धान र प्रमाण संकलनसम्बन्धी व्यवस्था**

१) **मानव अधिकारसम्बन्धी पूर्व अध्ययन, अनुसन्धान प्रतिवेदन पुनरावलोकन :** राष्ट्रिय जाँचबुझको लागि छनौट गरिएको मानव अधिकार उल्लङ्घनको विषयको सम्बन्धमा समितिले विभिन्न संघसंस्थाबाट प्रकाशित प्रतिवेदनहरू पुनरावलोकन गर्नुपर्नेछ । संकलित सूचनाहरूको विश्वसनियता, सो सम्बन्धी कानूनी व्यवस्था, सरकारी नीति तथा कार्यक्रम र अन्तर्राष्ट्रिय मानव अधिकार कानूनसँगको सान्दर्भिकताको बारेमा अध्ययन गर्नुपर्नेछ ।

२) **सूचना संकलन :** समितिले राष्ट्रिय जाँचबुझको लागि छनौट गरिएको विषयको सम्बन्धमा आवश्यक पर्ने सूचनाहरूको संकलन गर्नुपर्नेछ । गुणात्मक तथा परिमाणात्मक सूचना, तथ्याङ्क तथा जानकारीहरू संकलनका लागि बिभिन्न स्थलगत अध्ययन अनुसन्धान, अनुगमन प्रतिवेदन, लक्षित समूह छलफल, डेस्क पूनरावलोकन, सरोकारवाला निकाय तथा संस्थाहरू, सरकारी निकायबाट, पीडित, पीडितका परिवारहरूले दिएको सूचना तथा सञ्चारमाध्यममा प्रकाशित सूचना संकलन गर्नुपर्नेछ ।

३) **प्रमाण संकलनसम्बन्धी व्यवस्था:** संकलित सूचना तथा अनुसन्धानबाट प्राप्त तथ्यहरूलाई प्रमाणको रूपमा ग्रहण गर्न सक्नेछ । राष्ट्रिय जाँचबुझ अन्तर्गतको सार्वजनिक सुनुवाइको क्रममा व्यक्त गरेका भनाइहरू र पेश गरिएका लिखित दस्ताबेजहरू, घटनालाई पुष्टि गर्ने अन्य आधार प्रमाणहरूसमेतलाई प्रमाणको रूपमा ग्रहण गर्नु पर्नेछ ।

**२७. सूचनाकोलागि सार्वजनिक आह्वान गर्नुपर्ने:** विषय छनौट पश्चात जाचँबुझ समितिले आवश्यकता अनुसार आमसञ्चार माध्यमद्वारा घटना/अवस्थाको सम्बन्धमा सूचना, प्रमाण, साक्षिको जानकारीहरू उपलव्ध गराउन सर्वसाधारण जनतालाई आह्वान गर्नुपर्नेछ ।

**२८. रुजुसूचि तयारी सम्वन्धी व्यवस्थाः** जाचँबुझ समितिले अनुसन्धान गर्नुपूर्व सूचना संकलनका लागि रुजुसूचि तयार गर्नुपर्नेछ ।

**(ख) जाचँबुझ प्रक्रिया अवधिमाः**

**२९. सार्वजनिक सुनुवाइ सम्बन्धी पूर्व तयारी :** समितिले आयोगको छनौट सूचिमा रहेको कुनै पनि मानव अधिकार उल्लंघनका विषयमा सार्वजनिक सुनुवाइ हुनु पूर्व देहायबमोजिमको पूर्व तयारी गर्नुपर्ने छः

**क) पूर्वसमीक्षा :** समितिले राष्ट्रिय जाँचबुझ गरिने विषयका सम्बन्धमा विभिन्न अध्ययन, अनुसन्धानका प्रतिवेदनहरू, सो सम्बन्धी आयोग तथा अन्य निकायहरूमा दर्ता भएका उजुरीहरू, आयोगको अनुसन्धान तथा अनुगमन प्रतिवेदन तथा सिफारिसहरू, संविधान तथा प्रचलित कानूनहरू, नेपाल पक्षराष्ट्र भएका मानव अधिकार सम्बन्धी सन्धिहरूका व्यवस्था, अन्तर्राष्ट्रिय प्रचलन, संचारमाध्यममा प्रकाशित सूचनाहरू तथा सम्बन्धित सरोकारवाला पक्ष तथा निकायहरूले सो सम्बन्धी गरेका कार्यहरूको प्रतिवेदनको पुनरावलोकन र अध्ययन गर्नुपर्नेछ ।

**ख) पीडित तथा प्रमाणको संरक्षणः** जाचँबुझ समितिले सार्वजनिक सुनुवाइ कार्यक्रममा पीडित संग सम्बन्धीत सूचना प्रमाणहरू आयोगले सुरक्षित राख्ने व्यवस्था मिलाउनेछ ।

**ग) प्रस्ताव स्वीकृतः** जाचँबुझ समितिले सार्वजनिक सुनुवाइ कार्यक्रमको विवरणसहितको प्रस्ताव तयार गरी आयोगसमक्ष पेश गर्नेछ । आयोगले उपयुक्त प्रस्तावमा छलफल गरी स्वीकृत गर्नेछ। उक्त प्रस्तावमा सार्वजनिक सुनुवाइ हुने स्थान, समय, सुनुवाइमा सामेल गरिने सहभागीहरूको संख्या आदि समावेश गर्नुपर्नेछ ।

**घ) अन्तरबार्ता :** सार्वजनिक सुनुवाइको क्रममा आवश्यकताअनुसार पीडित वा प्रभावित व्यक्तिहरू, पीडक तथा आरोपित पक्ष, घटनाका साक्षीहरू सम्बन्धित विषयमा कार्यरत व्यक्तिहरू तथा संघसंस्था, अधिकारकर्मीहरू तथा सम्बन्धित सरकारी निकायहरूका प्रतिनीधिहरू आदिसँग अन्तरवार्ता लिई सूचना तथा जानकारी संकलन गर्नुपर्नेछ ।

**ङ) अन्य तयारी :** सार्वजनिक सुनुवाइ कार्यक्रममा प्राप्त हुने सूचना तथा प्रमाणहरूको संकलन गर्ने विधि तथा जिम्वेवारीको निर्धारण गर्नुपर्नेछ । सुनुवाइ कार्यक्रमको अभिलेखीकरण गर्ने व्यवस्था गर्नुपर्नेछ ।

**च) लिखित मन्जुरीनामा हुनु पर्नेछः** सार्वजनिक सुनुवाइको क्रममा पीडित वा प्रभावित व्यक्तिहरू उपस्थित गराउदा निजको अनुसूचि २ बमोजिमको लिखित सहमति लिनु पर्नेछ ।

**छ) जोखिमको विश्लेषणः** सार्वजनिक सुनुवाइ कार्यक्रमबाट हुन सक्ने सम्भावित जोखिमको गहन विश्लेषण गर्नुपर्नेछ । यसरी गरिएको विश्लेषणको आधारमा सहभागीहरूको छनौट, कार्यक्रमस्थल, समय, सुरक्षा आदिको निर्धारण गर्नुपर्नेछ ।

**३०. सार्वजनिक सुनुवाइ कार्यक्रमका सहभागीहरूः** सुनुवाइ कार्यक्रममा पिडित, पीडितका आफन्तहरू, पीडक, साक्षिहरू, समाजसेवी, विषयगत विशेषज्ञहरू, विभिन्न जातजाति तथा समुदायका प्रतिनिधिहरू, सम्बन्धित विषयमा काम गर्ने संघसंस्थाका प्रतिनिधिहरू सहभागी हुन सक्ने छन् ।

**३१. सार्वजनिक सुनुवाइमा सहभागी हुने विज्ञ (साक्षी) सम्वन्धी व्यवस्थाः** सार्वजनिक सुनुवाइ सञ्चालन गर्दा आवश्यकता अनुसार देहायबमोजिमका सरोकारवाला संघसस्था तथा निकायका प्रमुखहरूलाई उपस्थितिको लागि अनुरोध गर्नेछ । अनुरोध बमोजिम उपस्थिति हुनु उनीहरूको कर्तव्य हुनेछ । सार्वजनिक सुनुवाइको बखत उठेका सवालहरूलाई समाधानका उपाय सहित सम्वोधन गर्नु उक्त समूहको जिम्मेवारी हुनेछ ।

क) न्यायिक निकायका प्रतिनिधिहरू

ख) विषयगत विशेषज्ञहरू

ग) समाजशास्त्रीहरू

घ) चिकित्सकहरू

ङ) सम्वद्ध सरकारीनिकायका प्रतिनिधिहरू

च) सुरक्षानिकायका प्रतिनिधिहरू

छ) राजनैतिक दलका प्रतिनिधीहरू

ज) मनोबिज्ञानबेत्ताहरू

झ) मानवशास्त्री, मानवअधिकारशास्त्री, अपराधशास्त्री

**३२.** विबिध विषयहरूमा आयोगले सार्वजनिक सुनुवाइ कार्यक्रमहरू आवश्यकता अनुसार देशका विभिन्न भागहरूमा सम्पन्न गर्न सक्नेछ । सुनुवाइ कार्यक्रमको

क्रममा समितिले बिभिन्न व्यक्तिहरुको व्यक्त भनाइहरू, प्राप्त प्रमाणहरू संकलन, अनुक्रमणिका (इन्डेक्स) तयारी, आवश्यक श्रव्यदृष्य छायांकन तथा अभिलेखीकरण, र सम्पूर्ण प्रक्रियाको व्यवस्थितरुपमा अभिलेख राख्नेछ ।

**३३.** सार्वजनिक सुनुवाइ कार्यक्रममा सरोकारवाला व्यक्तिहरूको सहभागिता र निजहरूले स्वतन्त्र र सुरक्षित रूपमा आफ्नो धारणा राख्न पाउने कुराको सुनिश्चितताको व्यवस्थापन जाँचबुझ समितिले गर्नेछ ।

**३४.** पीडितहरू, पीडित परिवार, प्रभावित व्यक्ति वा समूह वा समुदाय साक्षी तथा पीडक समेत सभ्य र मर्यादित रूपमा आरोपप्रत्यारोप नगरी आफ्ना भनाइ राख्न स्वतन्त्र हुनेछन् । यदि जाँचबुझ समितिलाई जाचँबुझको क्रममा अति जरुरी लागेमा पीडित लगायतका व्यक्तिहरूबाट सूचना तथा जानकारी दिन अनिवार्य गरिनेछ । भौतिक रूपमा उपस्थित हुन नसकेमा वा नभएमा निजको भनाई महत्वपूर्ण हुने देखिएमा सोको व्यवस्थापन समितिले गर्नेछ ।

**३५. सुनुवाइ कार्यक्रमसम्बन्धी प्रक्रियाः** राष्ट्रिय जाँचबुझ प्रक्रियाको गतिविधिहरू मध्ये सार्वजनिक सुनुवाइ कार्यक्रम एक प्रमुख कार्य मानिनेछ । सार्वजनिक सुनुवाइ गर्दा देहायबमोजिम गरिनेछः

१) **पीडित वा पीडित परिवार वा प्रभावित समुदायहरूः** सुनुवाइको प्रारम्भमा सर्वप्रथम पीडित व्यक्ति, पीडित परिवार वा प्रभावित समूहहरूलाई प्राथमिकता दिई स्वतन्त्र र मर्यादित रुपमा आफ्ना भनाइ राख्न दिइनेछ । सुनुवाइ गरिने व्यक्ति वा समूहहरूको संख्या धेरै भएमा प्रतिनिधिमूलक रूपमा निश्चित संख्यामा उनीहरूको भनाइ राख्ने अवसर दिइनेछ । पीडित, पीडित परिवार वा प्रभावित समुदायहरूलाई निजहरूको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहनका घटनाको बारेमा सबिस्तार आफ्नो भनाइ राख्ने अवसर प्रदान गर्नुपर्नेछ । यदि पीडित भौतिकरूपमा उपस्थित हुन नसकेको अवस्थामा वा पीडित व्यक्तिको निधन भैसकेको अवस्थामा पीडितको तर्फबाट पीडित परिवारलाई प्रतिनिधिको रुपमा भनाइ राख्ने अवसर दिनुपर्नेछ ।

२) **पीडक वा कसूरदार व्यक्तिहरूः** सार्वजनिक सुनुवाइका क्रममा पीडक वा कसूरदार व्यक्ति वा संस्थाको भनाइ र प्रतिक्रिया राख्ने अवसर प्रदान गर्नुपर्नेछ ।

३) **साक्षी:** सार्वजनिक सुनुवाइ कार्यक्रममा मानव अधिकार उल्लङ्घन र त्यसको दुरुत्साहनको सम्बन्धमा साक्षीहरूको भनाइ राख्ने अवसर दिनुपर्नेछ । साक्षीहरूमाथि हुने जोखिमको न्युनीकरणको सुरक्षाको व्यवस्थापन समितिले मिलाउनु पर्नेछ । समय र श्रोतको उपलब्धताको आधारमा साक्षीहरूको संख्याको निर्धारण गर्नुपर्नेछ ।

४) **सरकारी प्रतिनिधिहरू:** सार्वजनिक सुनुवाइ कार्यक्रममा राज्यतर्फबाट सम्बन्धित सरकारी प्रतिनिधिहरूलाई सुनुवाइको विषय उपर प्रमाण पेश तथा घारणा गर्ने अवसर प्रदान गर्नुपर्नेछ ।

५) **अन्य सरोकारवाला निकायहरू:** सुनुवाइको विषयसँग सम्बन्धित सरोकारवाला वा अन्य कुनै समूह वा निकाय तथा सुनुवाइको विषयको प्रकृति अनुसार कुनै विशेषज्ञ समेतको सुनुवाइको आवश्यकता महसुस गरिएमा निजहरूको समेत सुनुवाइ गर्नुपर्नेछ ।

६) **सवाल जबाफको अवसर:** राष्ट्रिय जाचँबुझ समितिले सार्वजनिक सुनुवाइको विषयमा प्रष्ट हुन चाहेमा उपस्थित व्यक्ति वा पक्षहरुसंग थप जिज्ञासा राख्न सक्नेछ ।

७) कुनै पक्षले कुनै जिज्ञासा वा प्रश्न राख्न चाहेमा सम्बन्धित व्यक्तिले समिति समक्ष राख्न पाउने र राखिएका जिज्ञासा वा प्रश्नको जवाफ समितिले दिने व्यवस्था मिलाउनु पर्नेछ ।

**३६. गोपनीयतासम्बन्धी व्यवस्था :** राष्ट्रिय जाँचबुझ प्रक्रियाको क्रममा व्यक्त गरिएका कुराहरूको गोपनियाताको सुनिश्चितता राष्ट्रिय जाचाबुझ समितिले गर्नेछ ।

क) राष्ट्रिय जाचाबुझ समितिले सार्वजनिक सुनुवाइको क्रममा पीडित, पीडक, साक्षी, पीडितका परिवार तथा प्रमाणको गोपनीयता कायम गर्ने व्यबस्था गर्नेछ,

ख) सार्वजनिक सुनुवाइ कार्यक्रमहरू आवश्यकता अनुसार देशका विभिन्न भागहरूमा र विबिध विषयहरूमा आयोगले सम्पन्न गर्न सक्नेछ,

ग) सुनुवाइ कार्यक्रमको क्रममा व्यक्त भनाइहरू, प्राप्त प्रमाणहरू र सम्पूर्ण प्रक्रियाको श्रव्यदृष्य अभिलेखन, अनुक्रमणिका (इन्डेक्स), व्यवस्यापनको अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ,

घ) सार्वजनिक सुनुवाइ कार्यक्रम वा कार्यक्रम पश्चात सरोकारवाला व्यक्तिहरूको सहभागिता र निजहरूले स्वतन्त्र र सुरक्षित रूपमा आफ्नो धारणा राख्न पाउने कुराको सुनिश्चितता समितिले गर्नेछ ।

ङ) कुनै पीडित, पीडित परिवार, प्रभावित व्यक्ति वा समूह, साक्षी तथा पीडक समेतले आफ्ना भनाइ राख्न स्वतन्त्र हुनेछन् ।

**३७. आचारसंहिता:** सार्वजनिक सुनुवाइ कार्यक्रम शुरु गर्नुअघि सहभागीहरूले पालन गर्नुपर्ने अनुसूची १ बमोजिमको आचारसंहिताको जानकारी गराउनुपर्नेछ। सार्वजनिक सुनुवाइमा सहभागी हुने सम्पूर्ण व्यक्तिहरूले आचारसंहिताको अनिवार्य रूपमा पालना गर्नुपर्नेछ ।

**३८. सुरक्षाको व्यवस्था तथा साक्षीको संरक्षण :**

१) सार्वजनिक सुनुवाइ कार्यक्रममा वा पश्चात उपस्थित पीडित, पीडित परिवार वा प्रभावित समूह, साक्षी, आरोपित व्यक्ति, प्रमाण, सूचना आदि सबैको सुरक्षाको प्रत्याभूति हुने गरी समितिले व्यवस्था मिलाउनु पर्नेछ ।

२) सार्वजनिक जाचँबुझ कार्य भैरहेको अवस्थामा आयोगलाई सहयोग पुऱ्याउदा वा सूचना वा कुनै लिखत दिई सहयोग पुऱ्याउने कुनै व्यक्तिलाई कसैले धम्की, दुर्व्यवहार, हिंसा,भेदभाव, तथा गलत व्यवहार गर्ने कार्य गरेमा अपराध गरेको मानिनेछ ।

३) जाचंबुझ समितिले सुरक्षाको व्यवस्थाको लागि सुरक्षानिकायसंग आवश्यस सहयोग माग्न सक्नेछ । सुरक्षानिकायले सुरक्षा प्रदान गर्नु कर्तव्य हुनेछ ।

**३९. सार्वजनिक सुनुवाइ कार्यक्रमको प्रतिवेदन:** सार्वजनिक सुनुवाइ कार्यक्रमको क्रममा वा पश्चात प्राप्त जानकारी, सूचना, प्रमाण, तथ्याङ्क आदि समावेश गरी त्यसको विश्लेषण सहितको आन्तरिक प्रतिवेदन जाचंबुझ समितिले तयार गर्नेछ। सो प्रतिवेदन राष्ट्रिय जाँचबुझको सन्दर्भमा प्रमुख प्रमाण योग्य दस्तावेज हुनेछ । यस्तो प्रतिवेदनमा सार्वजनिक सुनुवाईको शुरुदेखि अन्तिमसम्मको सम्पूर्ण गतिविधि समेत समावेश गरिएको हुनु पर्नेछ ।

**(ग) जाचँबुझ सम्पन्न भएपछि**

**४०. प्रतिवेदनसम्बन्धी व्यवस्था :** समितिले राष्ट्रिय जाँचबुझ सम्पन्न भएपश्चात सम्पूर्ण विषयबस्तु समावेस गरी प्रतिवेदन तयार पारी आयोगसमक्ष पेश गर्नुपर्नेछ । प्रतिवेदन तयारीको क्रममा देहायका कुराहरूलाई ध्यान दिनुपर्नेछ ।

१. राष्ट्रिय जाँचबुझ प्रक्रियाको सम्पूर्ण विवरण,

२. संकलित सूचना तथा प्रमाणहरू,

३. निष्पक्ष तथा पारदर्शीताका आधारमा संकलित तथ्यहरूको बस्तुपरक र उचित विश्लेषण,

४. अन्तर्राष्ट्रिय मानव अधिकार कानूनहरू तथा राष्ट्रिय कानूनहरू उल्लङ्घन भए नभएको उल्लेख,

५. निष्कर्ष र सिफारिसहरू,

६. भोग्नुपरेका कठिनाईहरू र

७. आवश्यकता अनुसार अनुसूचिहरू ।

**४१. सिफारिस तयारीसम्बन्धी व्यवस्था**

१. समितिले राष्ट्रिय जाँचबुझ (नेशनल इन्क्वायरी) कार्य सम्पन्न गरिसकेपछि सिफारिस अन्तिम प्रतिवेदन तयार गरी आयोगसमक्ष पेश गर्नुपर्नेछ । यसरी पेश गर्ने प्रतिवेदनमा देहायका विषयहरू समावेश गरिनु पर्नेछः

क) पीडितलाई राहत, क्षतिपूर्ति तथा परिपूरण,

ख) मानव अधिकार उल्लङ्घनका घटनाहरू भबिष्यमा पुनः नदोहोरिने सुनिश्चितताका लागि कानून तथा सरकारी नीतिमा गर्नुपर्ने सुधारहरु,

ग) मानव अधिकार शिक्षासम्बन्धी विषयहरू,

घ) सरोकारवाला सरकारी निकाय तथा गैरसरकारी संघसस्था लगायत अन्य सरोकारवाला निकायले भविष्यमा गर्नुपर्ने कार्यहरू र

ङ) समितिले उचित ठानेका अन्य विषयहरू ।

**४२.** ४१ नं. बमोजिम गरिने सिफारिसहरू विशिष्तिकृत, मापनयोग्य, कार्यान्वयन गर्नसकिने, सान्दर्भिक, समसामयिक, तथ्यपरक र बस्तुनिष्ठ हुनुपर्नेछ ।

**४३.** सिफारिसहरूको संख्या धेरै भएमा प्राथमिकताको क्रम निर्धारण गर्नुपर्नेछ ।

**४४.** समितिले राष्ट्रिय जाँचबुझ कार्य सम्पन्न भएको कम्तिमा एक महिना भित्रमा सिफारिसहरू आयोगसमक्ष पेश गर्नुपर्नेछ ।

**४५.** जाचँबुझ समितिले पेश गरेको सिफारिस तथा प्रतिवेदनका आधारमा आयोगले देहायका पक्षहरूलाई सुझाव सिफारिस गर्न सक्नेछ ।

क) संघीय, प्रादेशिक, र स्थानीय सरकार,

ख) सरकारी विभागहरू, निकायहरू र अधिकारीहरू,

ग) व्यबस्थापिका - संसद,

घ) न्यायपालिका तथा अर्ध न्यायिक निकायहरू,

ङ) राजनैतिक दल, समूह वा ति अन्तरगतका सङ्गठनहरू,

च) पेशागत वा ब्यवसायिक तथा ब्यापारिक संघ, सङ्गठनहरू,

छ) ट्रेड यूनियन(मजदुर संगठन )

ज) धार्मिक संघसङ्गठनहरू,

झ) प्राज्ञिक निकायहरू, तथा विश्वविद्यालयहरू

ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ र संस्थाहरू र

ट) आयोगले उपयुक्त ठानेको अन्य निकायहरू ।

**४६. प्रतिवेदनको सार्वजनिकीकरण:** राष्ट्रिय जाँचबुझ प्रक्रियाको प्रतिवेदन उचित समयमा आयोगको निर्णय बमोजिम सार्वजनिक गर्नुपर्नेछ ।

**४७. अनुगमन र निरीक्षण:** आयोगले राष्ट्रिय जाँचबुझबाट प्राप्त तथ्य र प्रमाणको आधारमा गरेका सिफरिसहरू कार्यान्वयनको अवस्था नियमित रूपमा अनुगमन र निरीक्षण गर्नेछ । अनुगमन र निरिक्षणको क्रममा यदि कुनै सिफरिसहरू कार्यान्वयन नभएको पाइएमा आयोगले सम्बन्धित निकायलाई सचेत गराई कार्यादेश बमोजिम कारबाही प्रक्रिया अघि बढाउन सक्नेछ ।

**४८. मूल्याङ्कन:** आयोगले राष्ट्रिय जाँचबुझको समग्र मुल्यांकन र समिक्षा गर्नुपर्नेछ । मूल्यांकन तथा सिकाइको आधारमा आयोगले अन्य विषयहरूमा समेत राष्ट्रिय जाँचबुझ कार्य सम्पन्न गर्न सक्नेछ ।

## परिच्छेद-६

## विविध

**४९. अनुसन्धानसम्बन्धी व्यवस्था:** राष्ट्रिय जाँचबुझको क्रममा प्राप्त जानकारी तथा सूचनाहरूलाई विश्लेषण गर्दा जाँचबुझ गरिने विषयको गाम्भीर्यतालाई मध्यनजर गरी राष्ट्रिय जाँचबुझ भन्दा आयोगमा उजूरी दर्ता गरी निर्णयमा पुग्नु उपयुक्त देखिएमा त्यस्ता सूचनालाई आयोगमा उजूरीको रुपमा दर्ता गरी प्राथमिकताका साथ अनुसन्धान गर्न सकिनेछ ।

**५०. साधन र श्रोत व्यवस्थापन:** राष्ट्रिय जाँचबुझ प्रक्रिया सम्पन्न गर्नको लागि आवश्यक पर्ने सम्पूर्ण साधन, श्रोत, आर्थिक व्यवस्थापन, स्थान, उपकरणहरू, साक्षी, पीडित तथा विशेषज्ञहरू आदिको व्यवस्थापन आयोगले गर्नेछ ।

**५१. मुद्दा नलाग्ने:**

१. आयोगका कुनैपनि आयुक्त वा कर्मचारीले सार्वजनिक जाचँबुझको क्रममा असल नियत वा असल आचरणले गरेको कुनै कार्य वा ब्यवहार गरे वा कुनै कार्य नगरेमा वा असल नियतले आयोगको अधिकारको प्रयोग गरे बापत सजायको भागिदार वा कानूनी कारवाहीको भागिदार बनाइने छैन ।

२. सार्वजनिक जाचँबुझ क्रममा कुनै प्रमाण, सूचना दिने, कसैलाई पनि सजायको भागिदार बनाइने छैन तर झुट्टा सूचना तथा प्रमाण दिनेलाई प्रचलित कानून बमोजिम कारवाही गर्न सकिनेछ ।

**५२. व्याख्या:** यस निर्देशिकाको बारेमा कुनै विषयहरूको व्याख्या गर्नु पर्ने भएमा आयोगले गर्नेछ ।

**५३. निर्देशिका बमोजिम हुने:** यस निर्देशिकामा उल्लेख भएका व्यवस्थाहरू अन्य प्रचलित कानूनसँग नबाझिएको हदसम्म यसै निर्देशिका बमोजिम र बाझिएको हकमा प्रचलित कानूनबमोजिम हुनेछ ।

**५४.** यस निर्देशिकालाई आवश्यकता अनुसार आयोगले परिमार्जन गर्न सक्नेछ ।

## अनुसूची - १

(निर्देशिकाको नं. १३ संग सम्बन्धीत)

सार्वजनिक सुनुवाइ कार्यक्रम संचालनको क्रममा पालना गर्नुपर्ने आचार संहिताहरू ।

१. सार्वजनिक सुनुवाइ कार्यक्रममा उपस्थित सवै सहभागीहरूले सभ्य, सरल र मर्यादित भाषा प्रयोग गर्नुपर्नेछ ।

२. संचारकर्मीले पीडितको गोपनियताको लागि पीडित तथा साक्षीको पहिचान खुल्ने गरी सूचना प्रकाशित गर्न पाइने छैन ।

३. निर्धारित समयभित्र आफ्नो भनाइ पालैपालो राख्नु पर्नेछ र आफ्नो भनाइ तथा अरुले व्यक्त गरेका कुराको पुनरावृत्ति नगरिकन भनाइ राख्नु पर्नेछ ।

४. आफ्नो भनाइ राख्दा आग्रह र पूर्बाग्रह बिना मर्यादित र शिष्ट भाषामा राख्नु पर्नेछ ।

५. आफुसँग सम्बन्धित यथार्थ, वास्तविक र पुष्टि हुने कुराहरू मात्रै राख्नु पर्नेछ ।

६. हरेक सहभागीले कार्यक्रममा व्यक्त भनाइहरू र एक अर्काको विचारको सम्मान गर्नुपर्नेछ ।

७. संचारकर्मीहरू वा अन्य कसैले पनि सम्बन्धित पक्षको सहमति बिना सुनुवाइको क्रममा व्यक्त भनाइहरूको रेकर्ड गर्न पाइनेछैन ।

८. सार्वजनिक सुनुवाइको विषयसँग असम्बन्धित र अप्रासंगिक विषयहरू उठान गर्न पाइनेछैन ।

९. पीडित तथा साक्षीको भनाई पुष्टि हुने कुनै प्रमाण रहेछ भने सो पेश गर्न सक्नेछन् । विषयवस्तुसंग प्रत्यक्ष सम्बन्धीत विषयहरू राख्न सकिने छ ।

१०. सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी हुन आउने व्यक्तिहरूले मर्यादित र सभ्य पोशाक लगाएर आउनु पर्नेछ ।

११. सार्वजनिक सुनुवाइ कार्यक्रममा व्यक्त भनाइ र प्रमाणको कसैले पनि दुरूपयोग गर्न पाउने छैन ।

१२. कार्यक्रममा सहभागी हुने पीडितले आफ्ना कुरा भन्न नचाहेमा जवरजस्ती भन्न बाध्य पारिने छैन । यदि कुनै विषयमा समितिलाई स्पष्ट हुन चाहेमा समितिले पुनः प्रश्न गर्न सक्नेछ ।

१३. सार्वजनिक सुनुवाइ कार्यक्रम आबधिभर मोबाइल साईलेन्ट वा बन्द गर्नु पर्नेछ ।

**नं २९ (च) संग सम्बन्धीत**

## अनूसचि २

## पीडितको सहमति पत्र

मैले राष्ट्रिय मानव अधिकार आयोगका तपाई अधिकृत........ .... .... .... .... .... .... बाट राष्ट्रिय जाचँबुझको उद्देश्यहरु तथा यसको मतलव(असर) र

परिणाम सम्बन्धमा विस्तृत जानकारी प्राप्त गरें। यसबाट हुने फाइदा बेफाइदा सम्बन्धमा तपाईबाट सुनी सुनाई जानकारी पाएँ। राष्ट्रिय मानव अधिकार आयोगबाट मिति ..... .... ...... गते संचालन हुने सार्वजनिक सुनुवाई कार्यक्रममा म आफैं उपस्थित भइ .................................................... .................................. सम्बन्धमा आफूले भोगेका अनुभवहरु स्वेच्छिक रुपमा गोपनीयता कायम गर्ने गरी व्यक्त गर्न मेरो लिखित मञ्जुरी छ भनी आफ्नो मनोमानी राजी खुसीका साथ यो मन्जुरीनामाको कागज गरी दिए।

.................................... ..................................................

मिति पीडितको हस्ताक्षर (औंठा छाप)

पीडितको नाम थर ठेगाना

.................................... ..................................................

मिति रोहवरको हस्ताक्षर

नाम थर ठेगाना/सस्था भए सस्थाको नाम

.................................... ..................................................

मिति लिखित समहति पत्र तयार पार्नेको हस्ताक्षर

नाम र पद

## केन्द्रीय कार्यालय

हरिहरभवन, ललितपुर
पोष्ट बक्स नं.: ९१८२, काठमाडौं
इमेलः nhrc@nhrcnepal.org
फोन नं.: ०१५०१००१५, १६, १७, १८
वेव साइटः www.nhrcnepal.org
फ्याक्स : ०१-५५४७९७३, ५५४७९७५
हटलाइन : ५०१००००

## क्षेत्रीय कार्यालयहरूः

विराटनगर, बरगाछी चोक
फोन नं.: ०२१-४६१९३१, ४६१०९३
फ्याक्सः ०२१-४६११००

जनकपुर, देवीमार्ग
फोन नं.: ०४१-५२७८११, ५२७८१२
फ्याक्सः ०४१-५२७२५०

पोखरा जनप्रिय मार्ग
फोन नं.: ०६१-४६२८११, ४६३८२२
फ्याक्सः ०६१-४६५०४२

नेपालगञ्ज, शान्तिनगर
फोन नं.: ०८१-५२६७०७, ५२६७०८
फ्याक्सः ०८१-५२६७०६

धनगढी, उत्तर बेहेडी
फोन नं.: ०९१-५२५६२१, ५२५६२२
फ्याक्सः ०९१-५२५६२३

## उप-क्षेत्रीय कार्यालयहरू

खोटाङ, दिक्तेल
फोन/फ्याक्स नं.: ०३६-४२०२८४

रूपन्देही, बुटवल
फोन नं.: ०७१-५४६९११
फ्याक्सः ०७१-५४७७६२

जुम्ला, खलङ्गा
फोन/फ्याक्स नं.: ०८७-५२०२२२



प्रकाशन नं.: रा.मा.अ.आ. के.का. २१०